# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल

मादी गाउँपालिका

प.सं: २०८१/०८२
च.नं: ११५८

मिति:- २०८१।११।१९

श्री सामुदायिक विद्यालयहरु सबै,
मादी गाउँपालिका, कास्की।

विषय:- हाजिरीजवाफ प्रतियोगितामा सहभागीता सम्बन्धमा।

प्रस्तुत विषयमा मादी गाउँपालिकाको पालिका स्थापना दिवसको उपलक्ष्यमा मति २०८१ फागुन २८ गते अन्तर वडास्तरीय विद्यालय हाजिरीजवाफ प्रतियोगिता सञ्चालन हुने भएकाले उक्त कार्यक्रममा प्रत्येक वडा बाट १/१ ओटा प्रतियोगी शिक्षकहरुको समुह तयार गरी तपसिल बमोजिम सहभागीताको लागि जानकारीका साथ अनुरोध छ।

तपसिल:

- प्रतियोगिता आयोजन हुने स्थान:- मादी गाउँपालिका कार्यालयको प्राङ्गणमा सञ्चालन हुनेछ।
- कार्यक्रम सञ्चालन २०८१ फागुन २८ गते विहान ठिक ८:०० बजे देखि सुरु हुनेछ।
- प्रतियोगितामा सहभागी समूहले कार्यरत विद्यालय, शिक्षकको नाम सहितको विवरण मिति २०८१ फागुन २५ गते कार्यालय समय भित्र दर्ता गरिसक्नु पर्ने छ।
- प्रत्येक समुहमा १ जना महिला शिक्षक सहित ३ जना शिक्षकहरुको समुहलाई प्रतियोगितामा समावेश गरिने छ।
- प्रत्येक वडाका माध्यमिक विद्यायहरुले आधारभूत तहका विद्यालयहरु सँग समन्वय गरी शिक्षक छनौट गर्नुपर्ने छ।
- माध्यमिक तह नभएका वडाका आधारभूत तह (निम्नमाध्यमिक तह) का विद्यालयहरुले आधारभूत तहका विद्यालयसँग समन्वय गरी शिक्षक छनौट गर्नुपर्ने छ।
- प्रतियोगितामा छनौट भएका शिक्षक तथा समुहलाई सम्बन्धित वडा कार्यालयबाट सिफारिस गरेको पत्र समावेश गर्नुपर्ने छ।
- प्रतियोगितामा सहभागी शिक्षकले अनिवार्य विद्यालयको पोशाक र शिक्षकको परिचय पत्रमा उपस्थित हुनुपर्ने छ।
- प्रतियोगतामा सहभागी शिक्षकलाई खानाको प्रबन्ध गाउँपालिका कार्यालयले गर्ने छ।

पुरस्कार विवरण:

१. प्रथम पुरस्कार रु २० हजार नगद र प्रमाणपत्र।

२. द्धित्तीय पुरस्कार रु १५ हजार नगद र प्रमाणपत्र।

३. तृतीय पुरस्कार रु १० हजार नगद र प्रमाणपत्र।

४. सान्त्वता पुरस्कार रु ५ हजार नगद र प्रमाणपत्र।

धनेन्द्र भूजेल

प्रमुख प्रशासकीय अधिकृत

धनेन्द्र भूजेल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ: मादी गाउँपालिका स्थित वडा कार्यालय सबै।



मोबाईल :९८५६०७२६०१,९८५६०७२६०२,९८५६०७२६००,Web Site :madimunkaski.gov.np ईमेल : madimunkaski@gmail.com